फोनः ०८२-५२३०७८
ईमेल hgao.tulsipur@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
## तुलसीपुर, दाङ

(प्रशासन शाखा)

प.सं. :- ०७९/०८०
च.नं :- ५६

मिति :२०८०/०४/१६

विषयः परिपत्र कार्यन्वयन सम्बन्धमा ।

श्री कारागार कार्यालय,
घोराही, तुलसीपुर,प्यूठान,रोल्पा।

उपरोक्त सम्बन्धमा तहाँ कारागार कार्यालयमा कैद ठेकीएका कैदी बन्दीहरुले बादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परे नपरेको सम्बन्धमा जानकारीका लागि पेश गरिएका निवेदनहरु सोझै यस कार्यालयमा प्राप्त हुने गरेको छ । त्यस्ता निवेदनहरु मार्फत कुनैपनि निकायले कैदी बन्दीहरुको मुद्दाको सम्बन्धमा जानकारी माग गर्दा उच्च अदालतबाट फैसला भईसकेकोमा बाहेक सोझै महान्यायाधिवक्ताको कार्यालयमा वा उच्च सरकारी वकीलको कार्यालयमा पत्र नलेखि जुन कैदीको सम्बन्धमा जानकारी चाहिने हो सम्बन्धित निकायले उक्त कैदीको शुरु मुद्दा जुन जिल्ला अदालत वा मुद्दा हेर्ने निकायमा चलेको थियो सोही जिल्लाको सरकारी वकील कार्यालयलाई निम्न कुराहरु उल्लेख गरी पत्र लेख्न भनि सम्मानित महान्यायाधिवक्ताको कार्यालयबाट च. नं. ३०८ मिति २०६८/०५/१३ मै परिपत्र भएको व्यहोरा पुनः स्मरण गराईन्छ । अतः अब उप्रान्त तहाँ कार्यालयहरुबाट तत् सम्बन्धमा कुनै कुरा बुझ्न वा जानकारी लिन परेमा फैसलाको प्रतिलिपी सहित देहाय बमोजिमका कुराहरु खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा पत्राचार गर्नु गराउनुहुन अनुरोध छ ।

१. प्रतिवादी/कैदीको नामथर
२. प्रतिवादी/कैदीको ठेगाना
३. मुद्दाको नाम
४. शुरु मुद्दा चलेको निकाय
५. शुरु मुद्दा चलेको मिति
६. शुरु मुद्दा फैसला भएको मिति
७. पुनरावेदन परे नपरेको र परेको भए कसको तर्फबाट कहिले र कहाँ (थाहा भएसम्म)

**बोधार्थ/कार्यार्थः**

श्री जिल्ला सरकारी वकील कार्यालयःसम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा कारागार कार्यालयहरुसंग (दाङ, प्यूठान, रोल्पा, रुकुम पूर्वीभाग) समन्वय गरी सोही अनुरुप गर्नु गराउनु हुन ।

(मोहन सागर वश्याल)
सहन्यायाधिवक्ता